नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय भोजपुर

## आ.व.०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

१.जिल्लाको सामान्य परिचयः-

बिगतमा नेपालको पाँच विकास क्षेत्रमध्ये पूर्वाञ्चल विकास क्षेत्रको कोशी अञ्चलमा पर्ने भोजपुर जिल्ला हाल प्रदेश नं.१ को मध्यपहाडी भेगको एक दुर्गम पहाडी जिल्ला हो । यो जिल्ला पुर्वमा संखुवासभा र धनकुटा , पश्चिममा खोटाङ, उत्तरमा संखुवासभा र सोलुखुम्बु र दक्षिणमा उदयपुर जिल्लाको चौघन्दीमा रहेको छ । समुद्री सतहबाट ६ सय फिटदेखि १० हजार फिटसम्मको उचाईमा फैलिएर रहेको यस जिल्लाको उत्तर-दक्षिण सरदर लम्बाई ९३ कि.मी. र पुर्व-पश्चिम सरदर चौडाई ३५ कि.मी. रही उत्तर दक्षिण फैलिएको छ। भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ हिमाली हावापानीदेखि लिएर उष्ण मनसूनी हावापानीसम्म पाइन्छ । यहाँको माटो रातो र फुस्रो भएकोले जमिन प्रायः सुख्खा नै देखिन्छ ।

जातिगत हिसावले बिभिन्न जातिको बसोबास रहेको यस जिल्लाको कूल जनसंख्या १,८२,४५९ (२०६८ जनगणना अनुसार) रहेकोमा करिब ३२ प्रतिशत राईहरुको बसोबास रहेको छ । प्रतिनिधी सभा क्षेत्र १र प्रदेश सभा क्षेत्र २ रहेको यस जिल्लामा २ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरु रहेका छन् । नेपालको कूल क्षेत्रफलको १.०२ प्रतिशत १५०७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस जिल्लामा पूर्वमा धनकुटाको सीमाना जरायोटार देखि पश्चिममा खोटाङको सिमाना चखेवा सम्म करिब १०० कि.मी.पक्की सडक निर्माण भैसक्न लागेको भएतापनि बाँकी भुभागमा हिउँदमा मात्र गाडी चल्न सक्ने कच्ची सडक मात्र रहेको छ।

### १.१ भौगोलिक अवस्था


| सि.नं. | विवरण | मन | कैफियत |
|---|---|---|---|
| १ | अक्षांश<br>देशान्तर | २६५३-२७४६<br>८६५३-८७१७ | उत्तरपूर्ब |
| २ | सिमानाः-पूर्वमा<br>पश्चिममा<br>उत्तरमा<br>दक्षिणमा | धनकुटा र संखुवासभा<br>खोटाङ<br>सोलुखुम्बु र संखुवासभा<br>उदयपुर | |
| ३ | क्षेत्रफल | १५०७ वर्ग की.मि | |
| ४ | औसत लम्बाई | ९३ कि.मि | उत्तर-दक्षिण |
| ५ | औसत चौडाई | ३५ कि.मि | पूर्ब-पश्चिम |
| ६ | भौगोलिक बिभाजन | मध्य पहाडी क्षेत्र | |
| ७ | उचाईः- सबभन्दा अग्लो | सिलिचुङ (४१५३ मि) | |

| | | | |
|---|---|---|---|
| | सबभन्दा होचो सदरमुकाम | हसनपुर(१५३ मि)<br>भोजपुर(१५४० मि) | |

## १.२ सामाजिक संरचना

| जनसंख्या | प्रमुख पाँच जात/जातिको जनसंख्या प्रतिशत | प्रमुख पाँच भाषा बोल्ने जनसंख्या प्रतिशत | प्रमुख धर्म मान्नेहरुको जनसंख्या प्रतिशत |
|---|---|---|---|
| महिला:-९६,४०६<br>पुरुष:- ८६,०५३<br>जम्मा:- १,८२,४५९ | राई:- ३१.९७<br>क्षेत्री:- १९.७९<br>तामाङ:-९.४५<br>नेवार:- ८.०४<br>ब्राम्हण:- ६.१९ | नेपाली:- ४९.०८<br>वान्तवा:- १९.६३<br>तामाङ:- ७.५०<br>नेवार:- ४.४६<br>मगर:- ३:४५ | हिन्दु:- ५३.३३<br>किराँत:- ३१.५१<br>बौद्ध:- १४.१७<br>क्रिश्चियन:- ०.५४ |

१.३भोजपुर जिल्लाको नक्सा



२. जिल्ला प्रशासन कार्यालय भोजपुरको संक्षिप्त परिचयः-

जिल्लामा शान्तीसुरक्षा, अमनचयन कायम राख्ने, जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वयकारी भूमीका निर्वाह गर्दै विकास तथा सुशासन प्रवर्द्धन गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने जिम्मेवारीका साथ स्थानीय प्रशासन ऐन २०२२८ बमोजिम स्थापना भएको जिल्ला प्रशासन कार्यालय भोजपुर स्थापनाकालदेखि निरन्तर रुपमा उक्त उदेश्य प्राप्तिको दिशामा केन्द्रित हुँदै आएको छ। नेपालको संविधान बमोजिम मुलुकमा संघ, प्रदेश र स्थानीय तीन तहका सरकार निर्माण भए पश्चात जिल्लामा संघीय सरकारको प्रमुख प्रतिनिधिको रुपमा रही तिनै तहका सरकारविच समन्वयकारी भूमिका निर्वाह गर्नु, गृह प्रशासनको अधिकार क्षेत्रभित्र रहेर स्थानीय प्रशासन ऐन २०२८ लगायत अन्य प्रचलित ऐन नियम बमोजिम जिल्लामा शान्ती सुरक्षा, समन्वय, अपराध रोकथाम तथा नियन्त्रण, सार्वजनिक सम्पतिको संरक्षण, लागू औषध नियन्त्रण, विपद व्यवस्थापन, उपभोक्ताहित संरक्षण, विकासका गतिविधिमा सहजिकरण , नागरिकता राहदानी वितरण लगायतका सेवा प्रवाह, सुशासन प्रवर्द्धन लगायत अन्य आकास्मिक समपूर्ण कार्यहरु यस कार्यालयबाट सम्पादन हुँदै आएका छन्।


सिमित स्रोत साधनकाविच पुरानो कच्ची भवनबाट सञ्चालन हुँदै आएको यस कार्यालयको भवन वि.सं. २०६०।११।१९ मा आगजनी भए पश्चात तत्कालिन जि.वि.स.को अतिथि गृहबाट कार्यालय सञ्चालन हुँदै आएकोमा २०७३ सालमा आफ्नै नयाँ पक्कि भवन निर्माण सम्पन्न भई तत्पश्चात सोही नया भवनबाट यो कार्यालय सञ्चालन हुँदै आएको छ।

३. जिल्ला प्रशासन कार्यालय भोजपुरको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज

साविकमा नेपाल प्रशासन सेवा रा.प.द्वितिय श्रेणी उपसचिव प्रमुख जिल्ला अधिकारी हुने व्यवस्था भइ सोही अनुसार संगठन संरचना र दर्बन्दी रहेकोमा मिति २०७६।८।३ को नेपाल सरकारको निर्णय अनुसार यस जिल्लामा रा.प.प्रथम क्षेणी सहसचिव प्रमुख जिल्ला अधिकारी हुने व्यवस्था भइ सोहि बमोजिम मिति २०७६।८।१९ मा नया दबन्दी संरचना स्वीकृत भएको छ। सो नया दरबन्दी संरचना अनुसार यस कार्यालयको स्वीकृत दरबन्दी यस प्रकार कायम भएको छ।

| सि.नं. | पदको नाम/ दर्जा | श्रणि/तह | सेवा | समूह | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|---|
| | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ |
| | प्रशासकीय अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| | नायव सुब्बा | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ |
| | लेखापाल | रा.प. अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ |
| | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | नेपाल विविध | - | २ |
| | खरिदार | रा.प. अनं. द्वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | ३ |
| | हलुका सवारी चालक | श्रणी विहिन | इञ्जिनियरिङ्ग | मे/ज.टे. | १ |
| | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ |
| | जम्मा | | | | २२ |

कार्यालयको साविक स्वीकृत संगठन संरचना  देहाय बमोजिम रहेको छ।




४. जिल्ला प्रशासन कार्यालय भोजपुरमा हाल कार्यरत कर्मचारीको विवरण:-

| सि.नं. | पद | नामथर | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री नूरहरि खतिवडा | स्थाइ |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | श्री कृष्ण बहादुर बस्नेत | " |
| ३ | ना.सु. | श्री मखखन श्रेष्ठ | " |
| ४ | ना.सु. | श्री गोपाल नेपाल | " |
| ५ | ना.सु. | श्री गोपाल सुवेदी | " |
| ६ | ना.सु. | श्री कुमार राई | " |
| ७ | लेखापाल | श्री उमेश ढकाल | " |
| ८ | खरिदार | श्री गणेश बस्नेत | " |
| ९ | खरिदार | श्री गुरुद्वार भट्टराइ | " |
| १० | कम्प्युटर अपरेटर | श्री गोपाल भण्डारी | करार |
| ११ | हलुका सवारी चालक | श्री राम बहादुर राई | " |
| १२ | कार्यालय सहयोगी | श्री लाल बहादुर खड्का | स्थाइ |
| १३ | कार्यालय सहयोगी | श्री सिंह बहादुर तामाङ | " |
| १४ | कार्यालय सहयोगी | श्री नर बहादुर विष्ट | करार |
| १५ | कार्यालय सहयोगी | श्री सुरेश तामाङ | " |
| १६ | कार्यालय सहयोगी | श्री राजन तामाङ | " |
| १७ | कार्यालय सहयोगी | सुश्री अञ्जना श्रेष्ठ | " |

## ५. जिल्ला प्रशासन कार्यालय भोजपुरबाट आ.व. ०७५/०७६ मा सम्पादित कार्यहरु

### ५.१ प्रशासनिक कार्यहरुः-

जिल्लाको समग्र शान्ती सुरक्षा लगायत विशिष्ट व्यक्तिहरुको आगमनमा सुरक्षा व्यवस्था सम्बन्धी पत्रचार, भारतीय तथा ब्रिटिस पेन्सनरहरुको पारिवारिक विवरण प्रमाणित, व्यहोरा प्रमाणित, विविध सिफारिस, सरकारी सवारी साधनको सञ्चासन अनुमति, नावालक परिचयपत्र, छापाखाना तथा पत्रपत्रिका दर्ता, संघ संस्था दर्ता तथा नविकरण, जिल्ला स्थित सरकारी कार्यालयको अनुगमन निरिक्षण, कार्यालय प्रमुखहरुको मासिक वैठक सञ्चालन, विवध विषयको पत्रचार, मुल दर्ता चलानी, कर्मचारी प्रशासन सम्बन्धी, जिन्सी स्टोर सम्बन्धी, प्रगति प्रतिवेदन पठाउने लगायतका कार्य प्रशासन शाखाबाट सम्पादन हुँदै आएका छन।

### ५.२ शान्तीसुरक्षा व्यवस्थापनः-

जिल्लामा शान्तीसुरक्षा र अमनचयन कायम राखी सवै जिल्लावासीहरुको जीउ, धन र स्वतनत्रताको संरक्षण गर्नु, हिंसा, दुर्व्यशन लगायत अपराधिक घटनाहरुको नियन्त्रण र न्यूनीकरण गर्नु, शान्ती सुरक्षा र विवादको निरुपण गरी विकास निर्माणको उचित वातावरण निर्माण गर्नु यस कार्यालयको प्रमुख जिम्मेवारी रहेको हुँदा जिल्ला प्रशासन कार्यालय भोजपुरले ती कार्यहरुलाई प्रमुख प्राथमिकताको साथ सम्पादन गरको छ। जिल्ला स्थित सवै सुरक्षा निकायहरुको समन्वयात्मक रुपमा परिचालन गरी जिल्लामा शान्ती सुरक्षा र अमनचयन कायम राख्न सफल भएको छ। आ.व. ०७५/०७६ मा नियमित र आवाश्यकता अनुसार आकस्मिक गरी जिल्ला सुरक्षा समितिको वैठक ४७ पटक वसेको छ। जिल्ला सुरक्षा योजना २०७५ लाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको छ। जिल्लाको उत्तरी क्षेत्र साल्पासिलिछो गा.पा. अन्तरगत संखुवासभा र सोलुखुम्बु जिल्लाको सिमाना आसपास विकट क्षेत्रमा सशस्त्र प्रहरी वलको थप जनशक्ति परिचालन गरी संविधान विरोधि गतिविधिलाई नियन्त्रण र निस्तेज पारिएको छ। सुरक्षा व्यवस्थालाई मजबुत बनाउन जिल्लाका विभिन्न स्थानमा आवश्यकता र औचित्यको आधारमा थप प्रहरी युनिटको स्थापना तथा स्तरोन्नतिको लागि मन्त्रालयमा सिफारिस गरिएको छ। सिमाना जोडिएका जिल्लासँग समन्वय गरी समय समयमा अन्तर जिल्ला समन्वय वैठक वसी सुरक्षा वयवस्थालाई मजबुत बनाइएकोछ। जिल्लाको विशिष्टता अनुरुप लागु औषध नियन्त्रण कार्ययोजना २०७५ तर्जुमा गरी कार्यान्वयन गरीएको छ।

आ.व. ०७५/०७६मा वसेको जिल्ला सुरक्षा समितिको वैठकको विवरणः-

| महिना | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ५ | २ | ३ | २ | २ | २ | ३ | ३ | ५ | ७ | ४ | ९ | ४७ |

### ५.३ विपद व्यवस्थापनः-

विनासकारी विपदका घटनाबाट जन, धनको क्षति व्यहोरेका नागरिकहरुलाई तत्काल उद्वार राहत प्रदान गर्न, विस्थापित परिवारको पुनर्स्थापना गर्न, प्रकोपजन्य घटनाको न्युनीकरण गरि सुरक्षित वसोवासको व्यवस्था गर्न, एवं विपदका घटनाबाट सुरक्षित रहने उपायबारे जनचेतना जगाउन जिल्ला विपद व्यवस्थापन समितिको महत्वपुर्ण जिम्मेवारी रहेको

छ। यो जिल्ला मध्यपहाडी क्षेत्रको एउटा दुर्गम पहाडि जिल्ला हो। यस जिल्लामा आगलागी, पहिरो, चटयाङ, सुख्खा खडेरी जस्ता घटनावाट सयौं मानिस प्रभावित हुने गरेका छन।

जिल्ला प्रशासन कार्यालय भोजपुरले आ.व. ०७५/०७६ मा विपद जोखिम न्युनीकरण, उद्वार, राहत, पुनर्स्थापना जस्ता कार्यको लागि आवश्यकता अनुसार विपद व्यवस्थापन समितिको वैठक वसी विभिन्न निर्णयहरु गरी कार्यान्वयन गरेको छ। यस आ.व. को विभिन्न मितिमा विपद व्यवस्थापन समितिको ५ पटक वैठक वसी विभिन्न निर्णय गरेको छ। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागी नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भोजपुरलाई District Lead Support Agency(DLSA) तोकेको छ। नेपाली सेनाको व्यारेक परिसर भित्र नाइट भिजन सुविधा सहितको हेलिप्याड निर्माण गरिएको छ। प्रत्येक स्थानीय तहमा प्रमुखको अध्यक्षतामा स्थानिय विपद व्यवस्थापन समिति गठन गर्न आवश्यक पहल एवं समन्वय गरिएको । विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७५ तयार गरी कार्यान्वयन गरिएको छ। जिल्लाका सरोकारवाला सवै निकाय तथा संघ संस्थाको सम्पर्क नम्बर सहितको जिल्ला विपद व्यवस्थापन डायरी प्रकाशन गरी वितरण गरिएको छ। मिति २०७५।०८।०७ को जिल्ला विपद व्यवस्थापन समितिको निर्णयबाट जिल्ला प्रशासन कार्यालय भोजपुरको भवनभित्र जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना गरी सञ्चालनमा ल्याइएको छ। क्षेत्रिय प्रशासन कार्यालय, प्रदेश सरकार तथा जिल्ला स्थित स्थानीय तहहरुलाई अनुरोध गरी DEOC मा राहत तथा उध्दारका सामाग्री संकलन गरेर राखिएको छ।

जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र भोजपुरमा रहेका विपद उध्दार तथा राहतका सामाग्रीको विवरणः-

| सि.नं. | सामग्रीको बिवरण | संख्या | उपलब्ध गराउने निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | मेगा फोन | १ एक | क्षे.प्र.का धनकुटा | |
| २. | सेफ्टी हेल्मेट | १० दश थान | क्षे.प्र.का धनकुटा | |
| ३. | लाईफ ज्याकेट | ४ चार थान | क्षे.प्र.का धनकुटा | |
| ४. | सावेल | ३ तिन थान | क्षे.प्र.का धनकुटा | |
| ५. | क्रोवार | ४ चार थान | क्षे.प्र.का धनकुटा | |
| ६. | मेटल बकेट | २ दुई थान | क्षे.प्र.का धनकुटा | |
| ७. | वेस्ट ब्याग | २ दुई थान | क्षे.प्र.का धनकुटा | |
| ८. | स्टेचर | १ एक थान | क्षे.प्र.का धनकुटा | |
| ९. | क्याप टोपी | १० दश थान | क्षे.प्र.का धनकुटा | |
| १०. | थ्रो ब्याग | २ दुई थान | क्षे.प्र.का धनकुटा | |
| ११. | तारकोलिन त्रिपाल | ३ तिन थान | क्षे.प्र.का धनकुटा | |
| १२. | हेड लाईट | ५ पाँच थान | क्षे.प्र.का धनकुटा | |
| १३. | रवर मेट्रेश | ७ सात थान | क्षे.प्र.का धनकुटा | |
| १४. | बोल्ड कटर | २ दुई थान | क्षे.प्र.का धनकुटा | |
| १५. | ट्रंक मेटल बक्स | १ एक थान | क्षे.प्र.का धनकुटा | |
| १६. | क्रो वयर | ४ चार थान | क्षे.प्र.का धनकुटा | |
| १७ | त्रिपाल १२X१५ | ५ पाँच थान | पौवादुङमा गा.पा. | |

| | | | | |
|---|---|---|---|---|
| १८ | त्रिपाल १८X२४ | २४ चैबिस थान | पौवादुङमा गा.पा. | |
| १९ | प्लाष्टिक बकेट | १० दश थान | आमचोक गा.पा | |
| २० | क्लो हम्मर | १० दश थान | आमचोक गा.पा | |
| २१ | ह्याण्ड स | ८ आठ थान | आमचोक गा.पा | |
| २२ | स्कु डाईभर | ५ पाँच थान | आमचोक गा.पा | |
| २३ | वाईर कटर | १० दश थान | आमचोक गा.पा | |
| २४ | ट्राफिक लाईफ ज्याकेट | ३८ अड्तिस थान | आमचोक गा.पा | |
| २५. | हम्मर | १० थान | आमचोक गा.पा | |
| २६ | लाईफ ज्याकेट | १० दश थान | आमचोक गा.पा | |
| २७ | नाईलन डोरी | ३०० मिटर | आमचोक गा.पा | |
| २८ | क्रो वयर | ५ पाँच थान | आमचोक गा.पा | |
| २९ | पिक पिकेश | १२ थान | आमचोक गा.पा | |
| ३० | सावेल | १५ पन्ध थान | आमचोक गा.पा | |
| ३१ | स्पिड | १० थान | आमचोक गा.पा | |
| ३२ | क्रो वायर हाफ | ४ थान | आमचोक गा.पा | |
| ३३ | एरजेष्टेवल | ५ थान | आमचोक गा.पा | |
| ३४ | कम्बल | ६० थान | अरुण गा.पा | |
| ३५ | एसेन्डर | १ सेट | रामप्रसाद राई गा.पा | |
| ३६ | रेस्क्यु पुलि सिंगल | ३ थान | रामप्रसाद राई गा.पा | |
| ३७ | रेस्क्यु पुलि डबल | ३ थान | रामप्रसाद राई गा.पा | |
| ३८ | डायानामिक रोप | २०० मिटर | रामप्रसाद राई गा.पा | |
| ३९ | आई प्रोटेक्सन ग्लास | १२ थान | रामप्रसाद राई गा.पा | |
| ४० | डष्ट माक्स | १२ जोर | रामप्रसाद राई गा.पा | |
| ४१ | कालो झोला | ९ थान | साल्पासिलिछो गा.पा | |
| ४२ | सेफ्टि हेल्मेट | ३ थान | साल्पासिलिछो गा.पा | |
| ४३ | सेफ्टि बुट(प्लास्टिक गम बुट) | ७ जोर | साल्पासिलिछो गा.पा | |
| ४४ | चस्मा | ३ थान | साल्पासिलिछो गा.पा | |
| ४५ | Sarvical soft collar (घाटिमा लगाउने) | २ थान | साल्पासिलिछो गा.पा | |
| ४६ | सेफ्टि पन्जा | ७ जोर | साल्पासिलिछो गा.पा | |
| ४७ | हेड लाईट(रातो) | २ थान | साल्पासिलिछो गा.पा | |
| ४८ | स्टेचर | २ थान | साल्पासिलिछो गा.पा | |
| ४९ | फस्टेड बक्स | ३ थान | साल्पासिलिछो गा.पा | |
| ५० | Corded ear plugs | ६ थान | साल्पासिलिछो गा.पा | |
| ५१ | त्रिपाल | १०० थान | जिल्ला रेडक्रस भोजपुर | ३२ थान वितरण |
| ५२ | चाईनिज त्रिपाल | ५०० थान | आन्तरिक मामिला तथा कानुन | |

| | | | | |
|---|---|---|---|---|
| | | | मन्त्रालय प्रदेश नं १ | |

**५.४ समन्वय तथा सुशासन प्रवर्द्धनः-**

जिल्ला प्रशासन कार्यालय भोजपुरले जिल्ला स्थित विभिन्न सरकारी कार्यालय, संघ संस्था, स्थानीय सरकार, प्रदेस सरकार एवं केन्द्र सरकार विच समन्वय कायम गर्न विभिन्न गतिविधि सञ्चालन गरेको छ। जस अन्तरगत समय समयमा सर्वपक्षिय वैठक आयोजना गर्ने गरेको। प्रत्येक महिनाको २ गते नियमित रुपमा कार्यालय प्रमुखको वैठक वस्ने गरेको । कार्यालय प्रमुखको वैठकलाई थप प्रभावकारी बनाउन प्रत्येक कार्यालयमा आलोपालो गरि सम्बन्धित कार्यालयको सम्पूर्ण गतिविधिको power point presentation सहित घुम्ती वैठक वस्ने गरेकोछ। समय समयमा प्रदेस मन्त्रालय तथा केन्द्रिय निकायबाट जिल्लामा आयोजना हुने कार्यक्रममा समन्वय गर्ने गरेको। सर्वपक्षीय वैठक मार्फत विभिन्न विवादको निरुपण गरेको छ। जिल्ला भित्र विभिन्न कार्यालय तथा आयोजनाहरुले सञ्चालन गरेका विकासका कार्यहरुमा देखापर्ने विवादको निरुपण, समन्वय, सहजिकरण गर्नुको साथै विकास निर्माणको कार्यलाई गुणस्तरीय रुपमा समयमै सम्पन्न गराउन आवश्यकता अनुसार अनुगमन, निरिक्षण गर्ने गरेको छ। सुशासन नियमावली बमोजिम जिल्ला स्थित सरकारी कार्यलयहरुको निरिक्षण गरी तालुक निकायमा प्रतिवेदन पठाउने गरिएको छ। सवै सार्वजनिक निकायहरुलाई सूचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम विवरण सार्वजनिक गर्न लगाइएको छ।

**५.५ सार्वजनिक सेवा प्रवाहः-**

सुरक्षा, समन्वय, विपद व्यवस्थापन जस्ता कार्यको अलवा नागरिकता, राहदानी वितरण जस्ता जनतासँग प्रत्यक्ष सम्बन्ध रहेका दैनिक सेवा प्रवाहमा समेत जिल्ला प्रशासन कार्यलयको महत्वपूर्ण भुमिका रहेको हुन्छ। जिल्ला प्रशासन कार्यालय भोजपुरले आफ्नो अधिकार क्षेत्रभित्र रहेर नागरिकता, राहदानी वितरण, नावालक परिचयपत्र, विभिन्न विषयको प्रमाणित, सिफारिस, गुनासो सुनुवाइ, जस्ता कार्य सवै प्रकृया पुरा भइ निवेदन प्राप्त भएको १ घण्टा भित्र प्रवाह गर्दै आएको छ। राहदानीको सम्बन्धमा यस कार्यालयमा पेश हुन आएका फारम संकलन गरी १५/१५ दिनमा संकलन केन्द्र जिल्ला प्रशासन कार्यालय मोरङमा पठाउने गरिएको छ।

आ.व. ०७५/०७६ मा जिल्ला प्रशासन कार्यालय भोजपुरबाट वितरण भएको नागरिकताको विवरण

| सि.नं. | महिना | वंशजको आधारमा सक्कल नागरिकता | | | वैवाहिकअंगिकृत | प्रतिलिपि नागरिकता | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरष | जम्मा | १ | महिला | पुरुष | जम्मा |
| १ | श्रावण | ९८ | ११० | २०८ | - | १८ | ५९ | ७७ |
| २ | भाद्र | ८१ | ९७ | १७८ | - | २४ | ३८ | ६२ |
| ३ | असोज | ९१ | ८५ | १७६ | - | २९ | ४४ | ७३ |
| ४ | कार्तिक | २११ | २३१ | ४४२ | - | ५६ | ७७ | १३३ |
| ५ | मंसिर | १८७ | २३२ | ४१९ | १ | ४७ | ७७ | १२४ |
| ६ | पुस | १३१ | १५४ | २८५ | १ | ५० | ७६ | १२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | माघ | १४५ | १३९ | २८४ | - | ३९ | ८२ | १२१ |
| ८ | फागुन | ११२ | १०७ | २१९ | १ | ४१ | ६९ | ११० |
| ९ | चैत्र | १३९ | १६० | २९९ | १ | ४४ | ७१ | ११५ |
| १० | वैशाष | २१० | २२५ | ४३५ | - | ५२ | ९६ | १४८ |
| ११ | जेष्ठ | २३४ | ३०१ | ५३५ | - | ४५ | ८७ | १३२ |
| १२ | असार | १५६ | १५४ | ३१० | १ | ३२ | ६३ | ९५ |
| | जम्मा | १७९५ | १९९५ | ३७९० | ६ | ४७७ | ८३९ | १३१६ |

आ.व. ०७५/०७६ मा जिल्ला प्रशासन कार्यालय भोजपुरबाट वितरण भएको राहदानीको विवरण

| सि.नं. | महिना | यस कार्यालयमा पेश भएका आवेदन फारम | राहदानी विभागमा सिफारिस | राहदानी विभागबाट प्रास तयारी राहदानी | यस कार्यालयबाट वितरित राहदानी |
|---|---|---|---|---|---|
| १ | श्रावण | १४८ | ८९ | १३७ | १०९ |
| २ | भाद्र | १२३ | ७४ | १३८ | १२९ |
| ३ | असोज | ११४ | ६५ | १०३ | १०२ |
| ४ | कार्तिक | २४८ | १५२ | १२२ | ८२ |
| ५ | मंसिर | २०२ | १६६ | ० | १३४ |
| ६ | पुस | २३७ | १२२ | ४३६ | २०२ |
| ७ | माघ | ११५ | १४५ | ६२ | १६४ |
| ८ | फागुन | १२४ | १०८ | २६७ | २३४ |
| ९ | चैत्र | ११७ | ९३ | १४३ | १५२ |
| १० | वैशाष | ११५ | ११५ | १०२ | १३३ |
| ११ | जेष्ठ | १२० | १९६ | १४० | २ |
| १२ | असार | ९६ | ८६ | १२७ | १०० |
| | जम्मा | १७५९ | १४११ | १७७७ | १५४३ |

आ.व. ०७५/०७६ मा जिल्ला प्रशासन कार्यालयबाट सम्पादित अन्य कार्यहरुको विवरण:-

| महिना | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | वैशाख | जेष्ठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संष्था दर्ता | १ | ३ | - | २ | १ | १ | ३ | ५ | ३ | १ | ५ | ५ | ३० |
| संष्था नविकरण | १२ | ६ | २६ | ४ | ४ | १४ | ५ | ४ | ७ | ४ | - | ३ | ८९ |
| दर्ता भएका मद्दा | ३ | - | - | २ | - | २ | ४ | ४ | ५ | ६ | २ | ४ | ३२ |
| फछ्र्यौट मुद्दा | १३ | - | - | २ | २ | १ | १ | २ | १ | ३ | १३ | १ | ३९ |
| प्रकोप पिडित संख्या | १ | १ | १ | ८ | ४ | ६ | १ | - | ८ | १ | ५ | ३ | |
| राहत प्रदान ( | ५ | ५ | ७ | ४०.५ | २५ | ५४ | ५ | - | ४६.५ | ७ | ३२ | १५ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रु. हजारमा) | | | | | | | | | | | | | |
| वजार अनुगमन(पटक) | २ | ३ | ३ | १ | १ | - | - | ३ | - | - | - | २ | |

### ५.६ घुम्ती शिविर सञ्चालनः-

सर्वसाधरण नागरिकको घर दैलोमा पुगेर सहज तरिकाले सेवा प्रदान गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय भोजपुरको संयोजकत्वमा अन्य कार्यालय सहित एकिकृत रुपमा तथा जिल्ला प्रशासन मात्रको घुम्ति शिविर जिल्लाको विभिन्न स्थानमा सञ्चालन गरिदै आएको छ। जिल्ला प्रशासन कार्यालय भोजपुरले आ.व.०७५/०७६ मा देहाय बमोजिम घुम्ति शिविर सञ्चालन गरी नागरिकता प्रमाणपत्र वितरण गरेको छ।

| सि. नं. | शीविर सञ्चालन भएको मिति | स्थान | नागरिकता प्रमाणपत्र वितरण भएको संख्या | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | २०७५/८/१५ | अरुण गाउँपालिका | ४३ | ४४ | ८७ |
| २ | २०७५/८/२१-२४ | सालपासिलिछो गा.पा., चौकिडाँडा | १९५ | ३१३ | ५०८ |
| ३ | २०७५/९/१८ र १९ | अरुण गा.पा., | ६४ | ६३ | १२७ |
| ४ | २०७५/११/१८ | रामप्रसादराई गा.पा., | ५५ | ७९ | १३४ |
| ५ | २०७५/१२/१७ र १८ | आमचोक गा.पा., | २११ | २६७ | ४७८ |
| ६ | २०७६/२/२४ र २५ | हतुवागढी गा.पा., गोडेटार | १७७ | २४१ | ४१८ |
| | | जम्मा | ७४५ | १००७ | १७५२ |

### ५.७ अभिलेख व्यवस्थापन

जिल्ला प्रशासन कार्यालय भोजपुरले सम्पादित कार्यको अभिलेखलाई सुरक्षित, व्यवस्थित, भरपर्दो र खोजेको समयमा सजिलै प्राप्तगर्न सकिने बनाउन अभिलेख वयवस्थापनमा विशेष ध्यान दिएको छ। जस अन्तरगत आ.व. ०७५/०७६ मा निम्न विषयको Computerize विवरण तयार गरेको छ।

- यस कार्यालयमा दर्ता भएका सबै संस्थाको कम्प्युटरमा विवरण तयार गरि वेभ साइटमा राखिएको। जसमा २०७६/३/३१ सम्म दर्ता भएका जम्मा संस्था ६७२ रहेका।
- सशस्त्र द्वन्दको क्रममा विष्थापित, मृत्यु र वेपत्ता भएका यस जिल्लाका सबै व्यक्तिको विवरण र प्राप्त गरेको राहत रकमको एकिकृत विवरण तयार गरिएको छ।
- CIMS प्रणाली लागु हुनु अघि वितरित नागरिकताको कम्प्युटरमा इन्ट्रि गर्ने कार्य सकिएको छ।
- नागरिकताको अनुसुचिलाई वाइन्डिङ गर्ने कार्य शुरु गरिएको छ।